**माननीय सभामुख महोदय**

**प्रदेश सभाका माननीय सदस्यहरु**

१. नेपालको संविधान बमोजिम राष्ट्रको सर्वाङ्गीण विकासका लागि संघीय प्रणाली लागू भएर प्रदेश सरकार गठन भई योजनाबद्ध विकासको थालनी भएको तीन वर्ष पुरा भएको अवसरमा प्रदेश नं. १ सरकारको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित प्रदेश सभामा प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।

२. नेपाल लगायत पुरै विश्व जगत यतिबेला कोभिड-१९ को महामारीबाट आक्रान्त भइरहेको छ । कोभिड-१९ महामारीबाट सङ्क्रमित भई जीवन गुमाउनु हुने नेपाली नागरिकहरू प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोकाकुल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै, उपचाररत सम्पूर्ण संक्रमित नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।